Australian Government
Services Australia

NEPALI

# Financial Information Service

Financial Information Service (FIS – वित्तीय जानकारी सेवा) ले नि: शुल्क, स्वतन्त्र र गोप्य शिक्षा र जानकारी प्रदान गर्दछ।

FIS निम्न व्यक्तिहरू लगाएत, सबैलाई उपलब्ध हुन्छन्:

- Aboriginal र Torres Strait Islander Australians
- आप्रवासी र शरणार्थी लगाएत, एक सांस्कृतिक र भाषिक विविध पृष्ठभूमीकाहरु(CALD),
- ग्रामीण वा दुर्गम क्षेत्रमा बसोबास गर्नेहरु
- काम सुरु गर्ने विद्यार्थीहरू लगाएतका युवाहरु
- काम फर्कंदै गरेका महिला।

तपाईले हाम्रो Financial Information Service को पहुँच फोनसेवा र वेभसाईटद्वारा गर्न सक्नुहुनेछ।

## FIS ले कसरी मद्दत गर्न सक्दछ

बृहत वित्तीय ज्ञानले तपाईंलाई आफ्नो वित्तीय लक्ष्यहरू तय गर्न र हासिल गर्न मद्दत गर्दछ।

FIS अधिकारीहरूले तपाईंको जीवन सहि वित्तीय निर्णयहरू गर्न तपाईंलाई आफ्नो सीप बढाउन मद्दत गर्न सक्दछ।

FIS अधिकारीहरुले निम्नकुराहरु व्याख्य गर्न सक्दछन्:

- कसरी वित्तीय उत्पादनहरूले काम गर्दछ
- कसरी वित्तीय उत्पादनहरूले सरकारी भुक्तानीलाई असर गर्दछ
- सरकारी भुक्तानी र कसरी तपाईंको परिस्थितिमा आएको परिवर्तनले तपाईंको अधिकारमा असर गर्न सक्छ
- तपाइँको आर्थिक मामिलाहरूको साथ मद्दत गर्न कसरी संसाधनहरू पत्ता लगाउने
- कसरी बृहत सरकारी र समुदायीक सेवाहरूले तपाईंलाई मद्दत गर्न सक्दछ।

FIS अधिकारीहरू वित्तीय योजनाकार वा वित्तीय परामर्शदाता हैनन्। तिनीहरूले सल्लाह वा परामर्श बेच्दैनन् वा तपाईंको पक्षमा अन्य एजेन्सीहरूसँग सम्झौता गर्दैनन्। FIS अधिकारीहरूले तपाईंको सरकारी भुक्तानीको बारेमा निर्णय गर्दैनन्।

## FIS ले कहिले मद्दत गर्न सक्दछ

FIS ले निम्न परिस्थितीहरुमा उपयोगी जानकारीहरु दिन सक्दछन्:

- तपाइँ बैंकिङ्ग, लगानी वा करको बारेमा थप जान्न चाहानुहुन्छ
- तपाई नयाँ काम सुरु गर्दै हुनुहुन्छ
- तपाईंले आफ्नो superannuation को बारे निर्णय लिनु पर्छ
- तपाई क्रेडिट प्रयोगको बारे थप जान्न चाहानुहुन्छ
- तपाईको परिवारको परिस्थितिमा परिवर्तन आएको छ
- तपाइँले एकमुष्ठ पैसा पाउनुहुन्छ किनकि तपाइँले खर्च कटौती, वा क्षतिपूर्ति वा वंशजजीय सम्पत्तीको रूपमा
- तपाई सेवानिवृत्तको बारेमा सोचाई शुरू गर्दै हुनुहुन्छ, वा तयारी गर्दै हुनुहुन्छ
- तपाइँ वा तपाइँले ख्याल गर्ने कोही वृद्ध हेरचाहको लागि तयार छ।

## खर्च कटौतीको बारेमा जानकारी

FIS अधिकारीहरूले यदि तपाईं खर्च कटौती गर्दै हुनुहुन्छ, वा हुनेछ भने मद्दत गर्न सक्दछन्।

तिनीहरूले अवकास भुक्तानी, superannuation र Centrelink भुक्तानको बारेमा जानकारी प्रदान गर्न सक्दछन्।

तिनीहरूले तपाइँको व्यक्तिगत परिस्थिति को बारेमा कुरा गर्न र तपाइँको विकल्प बुझ्न मद्दत गर्न सक्दछन्।

## थप जानकारीको लागि

- अंग्रेजीमा थप जानकीको लागि **servicesaustralia.gov.au/fis** मा जानुहोला
- **servicesaustralia.gov.au/yourlanguage** मा जानुहोस् जहाँ उनिहरुले तपाईको भाषामा पढ्न, सुन्न वा हेर्न सक्नुहुनेछ
- हामी संग तपाईको आफ्नो भाषामा Centrelink को भुक्तानी र सेवाहरुको बारेमा कुरा गर्नकोलागि **131 202** फोन गर्न सक्नुहुनेछ
- हामी संग तपाईको आफ्नो भाषामा Medicare र Child Support को भुक्तानी र सेवाहरुको बारेमा कुरा गर्नको लागिTranslating and Interpreting Service (TIS National) लाई **131 450** मा फोन गर्नुहोला
- सेवा केन्द्रमा जानुहोला।

**टिप्पणी**: तपाईंको घरको फोनबाट अष्ट्रेलियामा कहिँबाट पनि '13' नम्बरमा फोनहरू निश्चित दरको शुल्क लगाइनेछ। त्यो दर एक स्थानीय फोनको मूल्य भन्दा फरक हुन सक्छ र टेलिफोन सेवा प्रदायकहरू बीच पनि भिन्न हुन सक्दछ। तपाईंको घर फोनबाट '1800' नम्बरहरूमा फोनहरू नि: शुल्क छन्। सार्वजनिक र मोबाइल फोनबाट फोनहरू समय अनुसार र महङ्गो दरमा लाग्नेछ।

## अपवाद

यस प्रकाशनमा निहित जानकारी भुक्तान र सेवाहरूको मार्गनिर्देशनको रूपमा मात्र प्रयोग गरिएको हो। यदि तपाइँ भुक्तानको लागि आवेदन दिन चाहानुहुन्छ र तपाइँको विशेष परिस्थितिहरूको सम्बन्धमा निवेदन दिन चाहानुहुन्छ भने यो निर्णय गर्ने तपाइँको आफ्नै उत्तरदायित्व हो।

Australian Government
Services Australia

ENGLISH

# Financial Information Service

The Financial Information Service (FIS – Financial Information Service) provides free, independent and confidential education and information.

FIS is available to everyone, including people who are:

- Aboriginal and Torres Strait Islander Australians
- from a culturally and linguistically diverse background (CALD), including migrants and refugees
- living in a rural or remote area
- young, including students starting work
- women returning to the workforce.

You can access the Financial Information Service through our Phone Service and website.

## How FIS can help

Increased financial knowledge will help you set and achieve your financial goals.

FIS Officers can help you increase your skills to make informed financial decisions throughout your life.

FIS Officers can explain:

- how financial products work
- how financial products affect government payments
- government payments and how a change in your circumstances may affect your entitlements
- how to find resources to help you with your financial matters
- how a range of government and community services can help you.

FIS Officers are not financial planners or financial counsellors. They do not sell or give advice or deal with other agencies on your behalf. FIS Officers do not make decisions about your government payments.

## When FIS can help

FIS can give you useful information when:

- you want to know more about banking, investment or tax
- you are starting a new job
- you need to make a decision about your superannuation
- you want to know more about using credit
- you have had a change in your family circumstances
- you get a lump sum of money because you have been retrenched, or as compensation or an inheritance
- you are starting to think about, or ready to, retire
- you or someone you care for is ready for Aged Care.

## Information about retrenchment

FIS Officers can help if you have been, or will be, retrenched.

They can provide information on redundancy payments, superannuation and Centrelink payments.

They can talk to you about your personal situation and help you understand your options.

## For more information

- go to **servicesaustralia.gov.au/fis** for more information in English
- go to **servicesaustralia.gov.au/yourlanguage** where you can read, listen to or watch information in your language
- call **131 202** to speak with us in your language about Centrelink payments and services
- call the Translating and Interpreting Service (TIS National) on **131 450** to speak with us in your language about Medicare and Child Support payments and services
- visit a service centre.

**Note**: calls from your home phone to ‘13’ numbers from anywhere in Australia are charged at a fixed rate. That rate may vary from the price of a local call and may also vary between telephone service providers. Calls to ‘1800’ numbers from your home phone are free. Calls from public and mobile phones may be timed and charged at a higher rate.

### Disclaimer

The information contained in this publication is intended only as a guide to payments and services. It is your responsibility to decide if you wish to apply for a payment and to make an application with regard to your particular circumstances.